# आर्थिक वर्ष २०७९/०८० को
# नीति तथा कार्यक्रम

थलारा गाउँपालिका
खोली, बझाङ
सुदूरपश्चिम नेपाल
२०७९

गाउँसभाको बैठकमा मिति २०७९/०३/१० गतेका दिन गाउँपालिका अध्यक्ष श्री प्रकाश रोकाया ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/०८० को
# नीति तथा कार्यक्रम

**थलारा गाउँपालिका**

**खोली, बझाङ**

**सुदूरपश्चिम नेपाल**

**२०७९**

## कृषि, शिक्षा, पर्यटन र पूर्वाधार
## थलाराको गाउँपालिकाको समृद्धिको आधार

**यस गरिमामय गाउँसभाका सदस्यहरु,**

थलारा गाउँपालिकाको नवौ गाउँसभा समक्ष आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वि तथा हर्षित भएको छु । सर्वप्रथम नेपालमा राजनैतिक परिवर्तन लोकतन्त्र र गणतन्त्र प्राप्ति का खातिर भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरुमा ज्यान आहुति दिने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जलि व्यक्त गर्दै घाईते तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। साथै कोभिड १९ महामारी लगायतका कारण ज्यान गुमाउनुहुने सम्पुर्ण महानुभावहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रती गहिरो संवेदना प्रकट गर्दछु ।

नेपालको संविधान जारी भए पश्चात भएको राज्य पुन संरचना बमोजिम गठित ७५३ स्थानिय तहहरु मध्यको एक थलारा गाँउपालिका विगत देखि नै आफ्नो विशिष्ट अस्तित्व र पहिचान बोकेको क्षेत्र हो।

अहिले पनि संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य पुनः संरचना गर्ने क्रममा साविकका पाँच वटा गा.वि.स. दंगाजि, पाराकाट्ने, कोटभैरव, कोईरालाकोट र मालुमेला मिलि थलारा गाउँपालिकाको सिरानिमा सुदुर पश्चिम प्रदेशको गर्भमा रहेको अतिनै महत्वपुर्ण धार्मिक पर्यटकिय क्षेत्र खप्तड राष्ट्रिय निकुन्ज अनुपम कोशेली लिएर बाँचिरहेको प्रकृतिको जैविक विविधताका साथै सुन्दर रमणिय फाँटहरु साईपाल हिमालको हिमश्रृंखलाको कोखबाट अवगत रुपमा बगिरहेको सेति नदिको तट्संग जोडिएको यस गाँउपालिकाका प्राकृतिक उपज हुन भने पुर्वि सिमानामा जडारिगाड र अर्कोतिर डोटी जिल्लासंग जोडिएर रहेको अर्को पर्यटकिय क्षेत्र मालिका अवस्थित छ। यस थलारा गा.पा. भित्र रहेका थुप्रै खालका श्रोत र साधन लिएर बाँचिरहेको छ। यस गाउपालिकामा यि श्रोतहरुको सहि पहिचान गरी उपयोग र प्रयोग गर्न सके साँच्चिकै श्रोतको भण्डारको रुपमा चिन्निने छ भने यँहाका पर्यटकिय क्षेत्रको विकास गर्न सके आन्तरिक र वाह्य पर्यटकिय क्षेत्रको विकास हुनेमा म विश्वस्त छु। यो गाउँपालिका आफैमा प्रकृतिको सरोवर अलौकिक उपहारले भरिएको छ। यसमा पनि यसको माथिल्लो भू-भाग भित्री हरियाली क्षेत्र र जडिबुटीको धनि र सुनदरताले भरिएका विभिन्न कृषि उपज मनोरम फाँटहरु जिल्ला भित्रकै एक नम्बर कृषि उत्पादनको क्षेत्रको रुपमा सर्वविधितै छ।

यस गा.पा. को कुल जनसंख्या १५९६१ रहेकोमा महिला ८८५७ र पुरुष ७१०४ रहेको छ। साथै यस थलारा गा.पा.को भौगोलिक अवस्था पूर्वमा जडारि गाड, खप्तडछान्ना गाउँपालिका पश्चिममा डोटीमालिका उत्तरमा सेती नदि र दक्षिणमा खप्तड रा.नि रहेको छ।

निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड तथा सुन्दरतम् अभ्यास हो । हालै सम्पन्न स्थानीय तह सदस्यको निर्वाचनमा निर्वाचित सम्पुर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा आफ्नो वालिक मताधिकारको प्रयोग गरी आफुले इच्छाएको प्रतिनिधि निर्वाचित गर्नुहुने सम्पुर्ण मतदाताहरुलाई विशेष धन्यवाद प्रकट गर्न चाहन्छु ।नागरिकको चुन्न तथा चुनिन पाउने हकको वैधानिक प्रयोगमार्फत लोकतान्त्रिक शासन व्यवस्थाको सस्थाकिकरण गर्न निर्वाचन महत्वपुर्ण माध्यम हो।नवनिर्वाचित जनप्रतिनिधहरुबाट जनअपेक्षा अनुसारको शासन, विकास तथा सेवाप्रवाह गर्दै संघीय शासन व्यवस्थालाई अझै सफलिभुत पार्न यहाहरुको महत्वपुर्ण भुमिका तथा योगदान रहने विश्वास लिएको छु ।

## गाउँसभा सदस्य ज्यूहरु,

अब म थलारा गाउँपालिकाको आ.व.२०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछुः—

- ✓ नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- ✓ स्थानीय सरकार सञ्चालन ऐन २०७४
- ✓ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- ✓ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ✓ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- ✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,
- ✓ स्थानीइ तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- ✓ संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,
- ✓ दीगो विकासका लक्ष्यप्राप्तिका लागि राज्यले जाहेर गरेका प्रतिवद्धताहरु,
- ✓ उपलब्ध स्रोत साधन,
- ✓ विकासका अन्तरसम्बन्धित विषयहरु,
- ✓ निर्वाचनको क्रममा जारी गरिएका प्रतिवद्धताहरु,
- ✓ विगतका आर्थिक वर्षहरुमा थलारा गाउँपालिकाले लिएका नीति कार्यक्रम तथा योजनाहरु,
- ✓ बस्ती स्तरबाट आएका सुझावहरु,
- ✓ विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुका सल्लाह तथा सुझावहरु ।
- ✓ नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक नीतिहरु आदी ।

## थलारा गा.पा.को आ.व २०७९/८० नीति तथा कार्यक्रमका उद्देश्यहरु

- ➢ कृषि तथा पशु क्षेत्रमा लगानी गरी यस क्षेत्रलाई व्यावसायिक तथा उत्पादनमुलक बनाई कृषि तथा पशुजन्य पदार्थमा गाउँपालिकालाई आत्मनिर्भरतातर्फ उन्मुख गराउने ।
- ➢ आधारभुत पुर्वाधारको विकास गरी नागरिको दैनिकी तथा जिवनस्तरमा सुधार तथा सहजता ल्याउने ।
- ➢ शिक्षा, स्वास्थ्य, सरसफाई तथा पोषण लगायतको विकास गरी मानव विकासको स्तरमा सुधार गर्ने ।
- ➢ कृषि तथा पशु विकासको माध्यम बाट उत्पादन बृद्धी गरी आयस्तरमा अभिवृद्धि गर्ने ।
- ➢ लैंगिक तथा सामाजिक विभेद तथा हिंसाको अन्त्य गरी दिगो तथा समावेशी शासन व्यवस्थाको विकास गर्ने ।
- ➢ जनतालाई प्रवाह गरिने सेवालाई प्रभावकारी तथा अनुमानयोग्य बनाई सुशासनको प्रत्याभुति गर्नु ।

- जनसंख्या, वातावरण र विकासबीच तादाम्यता कायम गरी जलवायु परिवर्तनका असरहरुलाई न्युनिकरण गर्नु ।
- गाउँपालिकाबाट प्रवाह हुन सेवामा आम जनताको सहज र सरल पहुँच स्थापित गरी शुसासन प्रवर्द्धन गर्ने ।
- स्थानीय श्रोत साधनको समुचित परिचालन मार्फत दिगो, समाबेशि र उच्च दरको आर्थिक बुद्धि हासिल गर्ने ।
- शिक्षामा सबै बालबालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने।
- स्थानीय स्रोत साधनको उपयोग गरी रोजगारी सिर्जना गर्ने ।
- बजार, व्यापार व्यवसाय, औषधी पसल दैनिक उपभोग्य वस्तुको विक्रि वितरणमा हुने कालो बजारी, कृत्रिम अभाव सिर्जना, एकाधिकार जस्ता अपराधजन्य कार्यहरुको निरन्तर तथा प्रभावकारी अनुगमन मार्फत उपभोक्ता हक विरुद्धका सम्पुर्ण कार्यहरुलाई निरुत्साहन गर्ने ।
- पुर्वाधार विकास, उत्पादनमुलक क्षेत्रमा लगानी, उपलब्ध स्थानीय स्रोत साधनको महत्तम उपयोग तथा रोजगारी सिर्जना लगायतका माध्यमबाट पालिकालाई आत्मनिर्भरतातर्फ उन्मुख गराउने ।
- समाजमा हुने सवै प्रकारका विभेद, शोषण, उत्पिडन तथा असमानताको अन्त्य गरी हिंसारहित स्वस्थ सामाजिक जिवनको स्थापना गर्नु ।
- कृषि सहकार्य समूह, श्रम सहकारी समूह र अन्य सहकारी मार्फत आयआर्जन बृद्धि गरी गरिवी अन्त्य गर्ने र रोजगारी श्रृजना गरी बेरोजगारी हटाउने,
- मानव सिर्जित विपदका घटनाको न्युनिकरण तथा प्राकृतिक कारणबाट हुने विपदलाई आवश्यक पुर्व तयारी सहित प्रभावकारी विपद प्रतिकार्य योजनाको माध्यमबाट विपदका घटनाबाट हुने क्षतिलाई न्युनिकरण गरी पालिकाको विपद प्रतिरोधी क्षमताको विकास गर्ने ।
- व्यापक युवा परिचालनको माध्यमबाट रोजगारी श्रृजना गर्ने, आफू सँग भएको साधनस्रोत र सीपको सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने,
- विकासका पूर्वाधारको गुणस्तरीयता कायम गर्ने ।
- गरिवी उन्मुलन गर्ने, रोजगारी श्रृजना गर्ने ।
- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, जंगल, जडिबुटी उत्पादन जस्ता आर्थिक उपार्जनका क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने,
- गाउँपालिका भित्र उपलव्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै प्राप्त स्रोत साधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउदै, शोषण रहित समाजको निर्माण गर्ने,
- स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैंगिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोककल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने,

**गाउँसभा सदस्यहरु,**

अब म आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमका प्रस्तुत गर्न चाहन्छु ।

## शिक्षा तथा खेलकुद

- आगामी आर्थिक वर्ष भित्रै शैक्षिक वातावरण मैत्री विद्यालय बनाउन कम्तीमा ३ वटा विद्यालयलाई ३ तारे नमुना विद्यालय घोषणा गरिने छ ।
- विद्यालयको लेखा अनुशासन कायम राख्न विद्यालयमा लेखाको काम गर्ने शिक्षक तथा कर्मचारीलाई लेखा तथा व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।
- थलारा गाउँपालिका भित्र विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा प्रष्फुटन तथा पहिचान गर्न पालिका स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- शिक्षकहरूको क्षमता विकास र वृत्ति विकासका लागि तालिमको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- विद्यालय बाहिर रहेका विद्यार्थीहरूलाई अनिवार्य रुपमा विद्यालय शिक्षामा समावेश गराउने कार्यलाई अभियानकै रुपमा अगाडी बढाइनेछ ।
- प्रारम्भिक बाल कक्षामा अध्यापन गर्ने सहजकर्ताको क्षमता विकास गर्न तालिमको व्यवस्था गरिने छ ।
- विगतको वाल कक्षा अनुदान र प्रा.वि, नि.मा.वि र मा.वि अनुदान र कम्प्युटर शिक्षक अनुदानलाई निरन्तरता दिईनेछ साथै बालकक्षा हनुदमा १, प्रावि पिसिएफ ५ लेखापाल अनुदान थप गरिनेछ।
- विभिन्न तह र कक्षाको पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षक दरबन्दी मिलान तथा दरबन्दी सिर्जना कार्यक्रम कार्यविधि तथा आवश्यकता अनुसार अगाडि बढाइनेछ
- स्थानीय पाठ्यक्रम तयारी गरी यसै आ.ब भित्र कार्यान्वयनमा ल्याईनेछ ।
- सामुदायिक विद्यालयका प्र.अ हरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूले SEE मा उत्कृष्ट अंक ल्याउने ५ विद्यार्थीहरूलाई पुरष्कृत गरिनेछ ।
- पालिका भित्रका आमा/बुवा दुवै गुमाएका टुहुरा वालकालिकालाई निःशुल्क पठन पाठनको व्यवस्था गरी पालिकाले अभिभावकत्व ग्रहण गर्ने नीति अवलम्बन गरिनेछ ।
- युवालाई खेलकुद प्रति आकर्षित गर्न विभिन्न खेलकुदहरु कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

- प्रत्येक वडामा खेलकुद मैदान निर्माण गर्ने कार्यलाई विशेष प्राथमिकता सहित प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकबिच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

## स्वास्थ्य

- यस गाउँपालिकाको वडा नं ६ गुगैमा १० सैयाको आधारभूत अस्पतालको निर्माण यसै आ.ब भित्र सुरु गरी संचालनमा ल्याइनेछ ।
- स्वच्छ वालक सफा आमा ६ महिना सम्म सरसफाई भत्ता जन्मनासाथ साथ न्यानो कपडा दिने ।
- यस क्षेत्रमा रहेका धामी झाक्रिलाई स्वास्थ्य तथा जिविको पार्जन संग सम्बन्धित जनचेतनाका कार्यक्रमहरू संचालन गरिनेछ।
- पूर्ण सरसफाई महिनावारि स्वच्छता व्यवस्थापन अभियान क्रमिक रुपमा सञ्चालन गर्ने छौ।
- कुपोषण न्यूनिकरण गर्न पोषण सम्बन्धी क्रियाकलापहरु गा.पा भरी सबै टोलहरुमा कुपोषण रहित वडा र पालिका घोषणा गर्न संचालन गरिनेछ ।
- विशेषज्ञ सहितको आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पक्षमा सुधार तथा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई थप सुदृढ गरिनेछ ।
- पंचकर्म सहितको Physiotherapy सेवा वर्ष भरी नै संचालन गर्ने ।
- धामी झाक्रीहरुलाई स्थानीय जडिबुटी सम्बन्धि र स्वास्थ्य सम्बन्धि तालिम दिई सवल वनाउने
- आयुर्वेद शाखाको कार्यलय स्थापनाका लागि आवश्यक जग्गाको व्यवस्थापन को काम यसै आ.ब भित्र सम्पन्न गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन टोलटोलमा अभियान संचालन गरिनेछ ।
- स्वच्छ वातावरण स्वस्थ चिन्तन अभियान सञ्चालन गरी सरसफाईमा विशेष जोड दिईनेछ ।
- वर्षमा कम्तिमा एकपटक योग शिविर संचालन गरिनेछ ।

## कृषि तथा पशुपंक्षी

- अधिकांश परिवार कृषि पेशामा निर्भर तथा आवद्ध रहेको थलारा गाउँपालिकालाई कृषिमा व्यवसायिकरण विविधिकरण तथा बजारीकरण गरी कृषि क्षेत्रमा पालिकालाई आत्मनिर्भर बनाउदै कृषक परिवारलाई रोजगार तथा व्यसायीक रुपमा आत्मनिर्भर बनाइने छ ।
- साना तथा मझौला कृषकहरूलाई व्यवसायीक रुपमा पशुपालनमा प्रोत्साहन गरिनेछ ।
- आगामि आ. २०७९/०८० भित्रै सम्पूर्ण किसानहरुलाई किसान सुचिकरण कार्यक्रम मार्फत सुचिकृत गरि सकिनेछ ।

- कृषकहरुलाई समुहमा आवद्ध गरी वडा स्तरीय संजाल मार्फत बजारीकरणको व्यवस्था मिलाइनेछ साथै प्रत्येक वडामा संकलन केन्द्रको व्यवस्था गरिनेछ ।
- एक कृषि समूह एक उत्पादन कार्यक्रम आगामी आ.ब. बाट संचालनमा ल्याइनेछ ।
- रैथाने लोपोन्मुख बालीको संरक्षण तथा सम्वर्द्धन कार्यक्रम संचालनमा ल्याइनेछ ।
- एक घर एक करेसाबारी कार्यक्रम संचालनमा ल्याइनेछ ।
- गाउँपालिकाको गोया र गडिगाउँ क्षेत्रलाइ आलु तथा बन्दा पकेट क्षेत्रको रुपमा विकास गर्दै आवश्यक कृषि पूर्वाधारको निर्माणमा जोड दिइनेछ
- आधुनिक कृषि यन्त्रिकरणमा जोड दिइनेछ ।
- अगुवा कृषक अध्ययन भ्रमण, तालिम र उत्कृष्ठ कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- एकल महिला, विपन्न दलित, आदिवासी जनजातिलाई समेत पशु पालनमा समान सहभागिता गराउने ।
- पशु क्षेत्रमा वढी भन्दा वढी उत्पादन्मखी बनाउन कृतिम गर्भाधान सेवा लाई प्राथमिकताकासाथ अगाडी बढाईनेछ ।
- हावापानी तथा भौगोलिक अवस्थिति सुहाउँदो फलफलु पकेट क्षेत्र तोकी कागती, दाते ओखर जस्ता फलफुलको उत्पादनमा जोड दिईनेछ ।
- दुधजन्य पदार्थलाई व्यवसायिक तथा बजारीकरण गर्न दुध संकलन केन्द्र तथा डेरी उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ ।
- मासुमा र अण्डामा आत्मनिर्भर वनाउने उद्धेश्यले व्यवशायीक रुपमा पशुपालन कार्यक्रमलाई प्रोत्साहन गर्ने
- भुमिको उर्वरा शक्तिमा कमि आइरहेको क्षेत्रमा माटो परिक्षण लगायत आवश्यक खोज तथा कृषि अनुसन्धानको कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- पशु तथा बालीहरुमा लाग्ने रोगहरुको पहिचान तथा उपचारको लागि रोग निदान तथा डिस्पेन्सरी कार्यक्रम संचालन गरिनेछ ।
- एक घर एक युवा स्व-रोजगार नीति अनुरुप कुनै व्यक्तिको आयश्रोत कमजोर भइ पेशा व्यवसाय गर्न नसकेको अवस्थामा शुन्य व्याजदरमा रिण उपलब्ध गराउने व्यवस्था अगाडि सारेका छौं ।
- स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपनर्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै वर्षबाट सुरुवात गरिने छ । सो प्रयोजनका लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमिकताका साथ परिचालन गर्ने नीति लिइने छ ।
- अर्गानीक खेतीलाई प्रोत्साहित गरिनेछ ।
- पालिकामा उत्पादित कृषि उपज लगायत उपभोग्य वस्तुको प्रवर्धन तथा बजारिकरण गर्न तथा आवश्यकता अनुसार खाद्यान्य लगायतका अन्य अतिआवश्यक वस्तुहरु सरल तथा सुलभ मुल्यमा उपलब्ध गराउन हाटबजार सञ्चालनमा ल्याईनेछ ।
- उन्नत जातका गाई, भैसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरणलाई विशेष प्राथमिकता दिईनेछ ।
- व्यावसायिक पशुपंक्षीपालनलाई प्रोत्साहन तथा प्राथमिकता दिईनेछ ।

## पर्यटन तथा धर्म सस्कृति

- थलारा गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, सास्कृतिक तथा पुरात्वात्विक सम्पदाहरुको पहिचान संरक्षण, प्रचार प्रसार तथा प्रवर्द्धनमा जोड दिईनेछ ।
- खप्तड र छडिभेल झरनालाइ आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न सघन प्रचार प्रसार तथा प्रयटकीय पुर्वाधार वविकासमा जोड दिइनेछ ।
- पालिका भित्र रहेका पर्यटकिय क्षेत्रहरुको पहिचान झल्किने र अवस्थिति स्पष्ट देखिने गरी सार्वजनिक स्थानहरुमा नक्सा सहितका होडिङ बोर्डहरु राखिनेछन् ।
- यस गाउँपालिका भित्रका पर्यटकिय सम्पदाहरुको विकास गरि आन्तरिक र वाह्य पर्यटक भित्र्याइने निति अवलम्वन गरिनेछ। पर्यटकीय मार्ग पहिचान गरी मार्ग निर्धारण गरिनेछ।
- कृषि पर्यटनको विकासमा जोड दिईनेछ ।
- पर्यटकीय गन्तव्यको रुपमा सम्भावना वोकेको खप्तडक्षेत्रलाई मध्यनजर गर्दै झनाना देखि पोखरीसम्मको सडकलाई मर्मत सम्भार गरी नियमित तथा सहजरुपमा संचालनमा ल्याइनेछ साथै खप्तड राष्ट्रिय निकुन्ज संगको समन्वयमा पोखरी देखि गाडाँबाज सम्म सडक विस्तारको काम सुरु गरिनेछ ।
- हाम्रो संस्कृति हाम्रो धरोहर भन्ने मुल मान्यलाई आत्मसाथ गरी थलारा क्षेत्रमा प्रचलित चाँडपर्वहरुलाई विशेष रुपमा जगर्ना गरिने छ । गौरा पर्व लगायत लोपोन्मुख पर्वहरुलाई प्रवर्धन गरी हाम्रो गौरवशाली साँस्कृतिक अभियान अगाडी बढाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- झनाना बजारमा खप्तड प्रवेश द्धार निर्माणको काम आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ ।
- थलारा गाउँपालिका भित्र रहेका धार्मीक साँस्कृतिक तथा पर्यटकिय क्षेत्रलाई विशेष महत्व दिदै यस क्षेत्रभित्र रहेका पर्यटकिय क्षेत्रहरु ठीङ्ग मालिका पारिवन दंगाजि खापर दह सहसलिङ्ग,देवल भगवति मन्दिर छडिभेल झरना खापरदह माइकाथान आदि प्रसिद्ध पर्यटकिय क्षेत्रको विकास गरि आन्तरिक तथा वाह्य पर्यटक भित्र्याई आर्थिक समृद्धिमा महत्वपुर्ण भुमिका निर्वाह गरिने छ।
- सम्भावति पर्यटकिय गन्तव्यलाई मध्यनजर गर्दै होम-स्टे स्थापना तथा सञ्चालनमा जोड दिईनेछ ।
- पर्यटन सम्भाव्यता अध्ययन, पर्यटन पूर्वाधार तथा व्यवस्थापन गर्न थलारा गाउँपालिका मा पर्यटन प्रवर्द्धन गुरुयोजना(TPMP) तयार गरिनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन

- स्थानीय विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- जल जमिन जंगल माध्यम बाट आय आर्जन वृद्धि गरि थलाराको विकासमा टेवा दिने कामको नीति लिएका छौं ।
- जलवायु परिवर्तन,सडक निर्माण र वन विनास तथा वाढी पहीरोबाट पानिका श्रोतहरु सुक्दै जादा र जलभण्डार रित्तिदै जाने अवस्था रहेकाले पानिका श्रोत संरक्षण र पुन: निर्माण अभियान सञ्चालन गरिने छ।
- गा.पा.भित्र जथाभावि कटानि फँडानी गरि पर्यावरणलाई खलवल गरी जथाभावि सडक खन्ने बाटो बालुवा ढुङ्गा उत्खनन् गर्ने कुरालाई नियन्त्रण गर्न आई.ई.ई प्राविधिकको परामर्श तट् क्षेत्रका विज्ञको परामर्शका आधारमा कार्य अगाडी बढाइने छ।

- गाउँपालिका भित्र रहेका नाङ्गा डाडा तथा विपदका सम्भावित जोखिम क्षेत्रको पहिचान गरी वृक्षारोपणका कार्यक्रमलाई  अगाडि बढाइनेछ ।
- स्थानीय विपद व्यवस्थापन समितिलाई सक्रिय तुल्याईनेछ ।
- जलवायु परिवर्तन तथा विपद जोखिम न्युनिकरण सम्बन्धी तालिम तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोष निर्माण गरी विपद पूर्व तयारी, विपद् प्रतिकार्य योजना, विपद् व्यवस्थापन समिति निर्माण गरी संचालन गरिने छ ।
- वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिईनेछ ।
- गाउँपालिकामा निम्तिन सक्ने विपदको समुचित व्यवस्थापनको लागि आपतकालिन कार्यसञ्चालन संयन्त्र सहित आवश्यक सामग्रीहरुको प्रवन्ध गरिनेछ ।

## खानेपानी तथा सरसफाई

- स्वच्छ खानेपानीमा सबै नागरिकको पहुँच हुनु पर्ने राज्यको नीति बमोजिम प्रत्येक वस्तीमा खानेपानीको पहुँच पुर्याईनेछ ।
- संचालित खानेपानी योजनाको संरक्षण तथा दिगोपना कायम गर्न खानेपानी  मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।
- सबै नागरिकलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याईनेछ खानेपानीको सहज पहुँच पुग्न नसकेका वस्तीहरुलाई आगामी आर्थिक वर्षभित्र खानेपानीको पहुँचमा ल्याई सकिनेछ ।
- पानीको मुहान तथा जलाधार संरक्षण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- छुट्टै वास इकाईको व्यवस्था गरिनेछ ।
- संचालित खानेपानी योजनाको दिगोपनाको लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपन, मर्मत सम्भार, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यलाई संचालन गरिने छ ।
- गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्वस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्वस्थापन प्रणाली स्थापना गरिने छ ।
- एक घर एक धारा निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- सुधारिएको चुलोलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- पूर्ण सरसफाई महिनावारी स्वच्छता व्यवस्थापन अभियानलाई निरन्तरता दिईनेछ ।
- फोहोर मैला व्यवस्थापन सम्बन्धि तालिम तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ

## दलित, महिला बालबालिका  तथा जेष्ठ नागरिक

- जातीय छुवाछूतको अन्त्य गर्नका लागि गा.पा. भरी अभियान सञ्चालन गरिनेछ ।

- शोषण र दमनमा परेका महिलाहरूलाई कानुनी उपचारमा सहयोग गर्दै त्यस्ता महिलाहरूलाई समाजमा पुनः स्थापनामा सहयोग गरिनेछ
- समाजमा आर्थिक सामाजिक र मनोवैज्ञानिक कारणहरूले आफ्नो अस्तित्व प्रति निराश ज्येष्ठ नागरिकहरुलाइ सामाजिक मूल्य मान्यता तथा सांस्कृतिक हस्तान्तरणमा प्रत्यक्ष सहभागी गराई आफ्नो योगदानप्रति गर्व महसुस गराउने
- बाल मनोविज्ञानलाई ध्यानमा राखि बालबालिका प्रति हुने विभिन्न खालका विभेद शोषणको अन्त्य गरि बालमैत्री समाजको निर्माण गर्ने
- महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानिकारक अभ्यासहरुको निर्मुल गरी महिला र किशोरीहरुको आत्म सम्मानको रक्षा गर्न गाउँपालिकाको उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्वस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- दलित समुदायको परम्परागत सिप तथा पेशाको सम्मान तथा सम्बर्द्धन गर्न दलित सिप विशेष उद्योग स्थापना तथा संचालनमा जोड दिइनेछ ।
- हिंसा प्रभावित र लक्षित वर्गको आर्थिक सशक्तिकरण तथा क्षमता अभिवृद्धिको लागि सिपमुलक तथा रोजगारमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामाजिक विकृति तथा समस्याका रुपमा रहने छाउपडी प्रथा, जुवातास, जाडरक्सी, विभिन्न स्वरुपमा हुने विभेद, हिंसा लगायतका कार्यहरुलाई न्युनिकरण तथा निरुत्साहन गर्न विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बढ्दो आधुनिकीकरणको युगसँगै निम्तिएको साईबर क्राईमका सम्बन्धमा बालबालिकालाई सचेत गराउँदै साईबर क्राईमलाई निरुत्साहन गरिनेछ ।
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा कार्यक्रमहरु मार्फत महिला बालबालिका तथा ज्येष्ठ नागरिक का लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयास तथा कानुनी व्यवस्थाबारे आम नागरिकहरुलाई सचेत गराइनेछ ।
- विद्यालयमा वालविवाह सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वादी समुदायको परम्परागत ज्ञान, सिप, कला तथा बाजाहरुको संरक्षण तथा सम्बर्द्धन गर्दै वादी समुदायका बालबालिकालाई उच्च शिक्षामा पहुँचको लागि विशेष व्यवस्था गरिनेछ ।
- गरिब, जेहेन्दार तथा पछाडी परेका समुदायका छात्र छात्रा मध्यबाट बार्षिक कम्तिमा ४(२ छात्रा २ छात्र) जना विद्यार्थीलाई मापदण्ड बनाई प्राविधिक तथा व्यवसायिक उच्च शिक्षा हासिल गर्न छात्रवृत्ति उपलब्ध गराईनेछ ।

## पूर्वाधार विकास(सडक, भवन निर्माण तथा सिचाई)

- गाउँपालिका भित्र निर्माण गरिने भवन लगायतका सम्पुर्ण निर्माण संरचनाहरुलाई भुकम्प तथा विपद प्रतिरोधी बनाईनेछ । नयाँ निर्माण प्रविधिसँग आवद्ध गराउने र प्राविधिक निर्माण विधिसम्बन्धमा आवश्यक तालिम

प्रदान गरी दक्ष जनशक्ति प्रवलिकरण गर्न साना तथा घरेलु उद्योग तथा CTEVT संग समन्वय गरी तालिमको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाको प्रशासकीय भवन निर्माणको निर्माणाधीन काम यसै आर्थिक बर्षभित्र सम्पन्न गरी आगामी आ.व.को प्रारम्भ मै पालिका निर्मित भवनमा स्थानान्तरण भई सक्नेछ तथा भवन निर्माणको थप कार्यलाई आगामी २ वर्षभित्र सम्पन्न गरिसकिनेछ ।
- निर्माण हुन बाँकी वडा कार्यालय भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- पालिका भित्रका सडक पहुँच नपुगेका टोल वस्तीहरुमा सडक विस्तारको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- पुर्वाधार विकासको पहिलो आधार सडक भएकोले सडकलाई पर्यावरणमैत्री, भूगोल सापेक्ष सन्तुलित र आवश्यकताको आधारमा सडक स्तरोन्नती र सडक ट्र्याक खुलाईनेछ ।
- सडक सरसफाई, ढल निकास र सडक सुरक्षामा विशेष ध्यान दिईने छ ।
- पानीको स्रोत संरक्षण तथा सिचाईलाई मध्यनजर गरी एक वडा पोखरी को अवधारणलाई अगाडी बढाईनेछ ।
- निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्ने तथा पुराना आयोजनाको मर्मत सम्भार गर्ने कार्यलाई जोड दिईनेछ ।
- मानिसहरुको भिडभाड हुने स्थान तथा बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- पालिका भित्र रहेको पानीको स्रोतको पहिचान गरी कुलो सिंचाइ, लिफ्ट सिंचाइ, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी निर्माणमा जोड दिईनेछ।
- पालिका भित्रका खरले छाएका छानो लाई जस्तापाताले विस्थापित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- निर्मित सडकहरुको स्तरोन्नतीको कार्यलाई निरन्तरता दिईनेछ ।
- स्थानीय सडक गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- गाउपालिका भित्रका पूर्वाधार तयार गर्दा बालमैत्री, अपाङ्गमैत्री,महिलामैत्री संरचनामा जोड दिइने छ।
- गाउँपालिकालाई विकास र समृद्धि प्राप्तिको दिशामा आकृष्ट गराउन अल्पकालिन, मध्यकालिन र दिर्घकालीन लक्ष्य सहितको गुरुयोजना तयार गरी विगतको अभ्यासमा रहेका टुक्रे योजनाहरुमा बजेट विनियोजन गर्ने परम्पराको अन्त्य गर्दै पुर्वाधार विकासमा केही ठुला तथा रुपान्तरणकारी योजनाहरु सञ्चालनमा ल्याईनेछ ।
- विभिन्न स्थानमा पुल निर्माणको लागि संघीय तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।
- टोलविकास समिति गठन गरी गाउँपालिकाका आयोजनाहरु टोलविकास संस्था मार्फत सम्पन्न गरिनेछ ।
- ५ लाख भन्दा बढी आयोजनाको सार्वजनिक सुनुवाइ गर्दा गा.पा. प्रतिनिधिको उपस्थिति हुनु पर्ने व्यवस्थालाई आगामी आर्थिक वर्षबाट प्रारम्भ गरी अनिवार्य बनाईनेछ ।
- एक वडा एक उद्योग स्थापना गरि स्तरोन्नति गरिनेछ ।
- पालिकाबाट संचालन हुने योजनाहरुमा प्रभावकारीता, स्तरीयता तथा पारदर्शिता कायम गर्न आयोजनाहरुको निर्माण पुर्व,, निर्माण अवस्थामा र सम्पन्न अवस्थामा गरी योजनाको सबै चरणमा अनुगमन गर्ने प्रणालीको सुरुवात गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित गर्दै बेरोजगारहरुको सहि पहिचान गरि गा.पा का अन्य निर्माण कार्यहरु संग जोड्दै रोजगार दिने व्यवस्था मिलाइनेछ ।
- भौतिक संरचना तथा सडक निर्माण गर्दा अनिवार्य रुपमा DPR तथा IEE अथवा EIA अनिवार्य गराइनेछ ।
- पालिका भित्र रहेका कृषियोग्य भुमिमा क्रमशः सिचाई सुविधा पुर्याईनेछ ।
- सडकमा बायो इन्जिनियरिङ प्रविधिलाई जोड दिई सडकलाई दिर्घकालिन बनाई विपद जोखिम न्युनिकरणमा जोड दिईनेछ ।
- गाउँपालिका स्तरीय उद्योगग्राम स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

## सूचना तथा सञ्चार प्रविधि

- नागरिकलाई यथा सिघ्र सूचना आदान प्रदान गर्न गाउँपालिकाको वेवसाइट नियमित अपडेट गरि सुचनाको व्यवस्था गरिने छ। वार्षिक कार्यक्रम तथा बजेट कानुन निर्माणका कुरा वेवसाइट, पुस्तक प्रकाशन, पत्र पत्रिका, एफ.एम अन्य विधिबाट सार्वजनिक गरिनेछ। साथै सुरक्षा भत्ता प्राप्त गर्नेहरुको नामावलि वडा कार्यालयकको सुचना पाटी र कार्यालयको वेवसाइट मार्फत सार्वजनिक गरिने छ। सार्वजनिक सुनुवाई, लेखापरिक्षण र होर्डिङ्ग वोर्ड मार्फत नागरिकको सुचनाको हकको सम्मान गरिनेछ।
- गाउँपालिकाका विभिन्न स्थानमा फ्रि वाईफाई जोनको व्यवस्थापन गरी सूचना तथा संचार प्रविधिलाई नागरिकको नजिक पुर्याईने छ ।
- एक व्यवस्थित सूचना तथा अभिलेख केन्द्रको साथै पालिका भित्रका प्रत्यक घर परिवारको पुर्ण लागत राख्ने कार्य गरिने छ। पालिकावाट कार्यालयमा विद्यालय स्वास्थ्य पदाधिकारि कर्मचारिहरुलाई गरिने पत्राचारमा एस.एम.एस. प्रणालीको अवलम्वन गरिनेछ।
- थलारा गा.पाको i-LG profile निर्माणको काम यसै आ.ब.मा सम्पन्न गरिनेछ ।
- गाउँपालिका बाट प्रवाह गरिने सम्पुर्ण सेवाहरुलाई सुचना तथा सञ्चार प्रविधि मैत्री बनाईनेछ ।
- पालिकाको विभिन्न स्थानमा सूचना केन्द्र स्थापना मार्फत सूचना पाउने नागरिक हकलाई प्रत्याभुत गरिनेछ ।

## सार्वजनिक सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन

- पालिकाबाट प्रवाह गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधि मैत्री बनाईनेछ ।
- नागरिक वडापत्रलाई समावेशी तथा आधुनिक प्रविधिमैत्री बनाईनेछ ।
- नागरिको गुनासो सुन्ने तथा व्यवस्थापन गर्ने कार्यलाई गुनासो सुन्ने अधिकारीको व्यवस्था सहित प्रभावकारी तुल्याईनेछ ।
- पालिकाभित्रका सबै टोलहरुमा टोल विकास संस्था/समिति गठन गरी योजना तर्जुमा, उपभोक्ता समिति गठन, सार्वजनिक परीक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ ।

- प्रत्येक वडाकार्यालयमा बिद्युतीय हाजिरी तथा अभिलेखिकरणको सुरुवात गरिनेछ ।
- पालिकाका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न क्षमता विकासका तालिम/ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जनतासंग जनप्रतिनिधि प्रत्यक्ष रेडियो संवाद कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा तेस्रो पक्ष मुल्यांकन जस्ता सार्वजनिक कार्यको नागरिकबाट मुल्यांकन गर्ने विधि तथा माध्यमहरुको प्रयोग गरी सुशासन तथा पारदर्शिता प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाह लगायत पालिका प्रतिका आम नागरिकका गुनासा, जिज्ञासा तथा सुझाव सल्लाह प्राप्ति तथा सम्बोधनको लागि निशुल्क टोल फ्रि नम्बरको व्यवस्था गरिनेछ ।
- पालिकाका विषयगत शाखा तथा वडाकार्यलयहरुलाई आवश्यक स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गर्दै संस्थागत क्षमता विकास तथा सुदृढ गरिनेछ ।
- अनियमितता, ढिलासुस्ती, भ्रष्टाचार र विकृतिका विरुद्ध वृहत अभियान संचालन गरिनेछ ।
- कानुनी रुपमा प्रक्रिया पुरा गरी सम्झौता पश्चात वा नियमानुसार अनुमति लिएर मात्र कार्यन्वयन चरणमा प्रवेश गरिनेछ । सम्झौता वा अनुमति विना गरीएको कामलाइ कार्यालयको वैधानिक प्रणाली भित्र आवद्ध गरीनेछैन भने कार्यालयको आन्तरिक दायित्व मानिनेछैन । सम्झौता वा अनुमति विनाका कार्यलाइ अवैधानिक करार गरिनेछ ।
- बेरुजु फछ्र्यौटको कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

## विविध

- राष्टिय प्रसारण लाईन पुग्न नसकेका वस्तीहरुमा आगामी आर्थिक वर्षको प्रारम्भमै राष्ट्रिय प्रसारण लाईन जडानको काम सम्पन्न गरी सकिनेछ ।
- निर्माण हुने खानेपानी योजना र संचालन भईरहेका योजनाको अनिवार्य खानेपानी गुणस्तर परीक्षण गरिनेछ ।
- यस गाउँपालिकामा वसोवास गरी नेपाल सरकार वा अन्य गैर सरकारी संस्थाको गौरवमय पदमा पुग्ने व्यक्ति तथा विद्यार्थी एवं खोज अनुसन्धान गर्ने व्यक्तिलाई सम्मान गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाबाट संचालित अति महत्वका आवश्यक क्रमागत योजनाहरु प्राथमिकताका आधारमा सम्पन्न गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सुकुम्बासीहरुको पहिचान गरी बसोबासको उचित व्यवस्थापनको कार्यलाई निरन्तरता दिईनेछ ।
- ज्येष्ठ नागरिकलाई प्रदान गरिने सामाजिक सुरक्षा वितरणलाई सहज बनाईनेछ ।

- यस गा.पा. भित्रका सबै वडा हरुमा सफा र स्वच्छ खानेपानि साथै बाँकि रहेका बस्तीहरुमा एक घर एक धारा जस्ता आयोजनाहरु संचालन गरिनेछ र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि आवश्यक बजेट व्यवस्था गरिने छ।
- राजश्वका दर र दायरालाई फराकिलो बनाउँदै गाउँपालिका भित्रका सम्पुर्ण व्यापार व्यवसाय तथा कारोबारलाई करको दायरमा ल्याई राजश्व संकलनमा वृद्धि गरिनेछ ।
- राजश्व प्रशासनलाई प्रविधिमा आधारित बनाई वडा कार्यालयबाट संकलन हुने राजश्वलाई अनलाईबाटै जम्मा गर्न सकिने व्यवस्थाको सुरुवात गरिनेछ ।
- पालिका भित्र रहेका सम्पुर्ण व्यापार व्यवसायहरुलाई दर्ता तथा नविकरण गर्ने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- निरन्तर तथा प्रभावकारी बजार अनुगमन प्रणालीलाई आत्मसात गरिनेछ ।
- बजार तथा बढी फोहोर उत्पन्न हुने स्थानमा डम्पिङ साईडको व्यवस्था गरिनेछ ।
- सहकारी संस्थाहरुको प्रभावकारी तथा निरन्तर अनुगमनको माध्यमबाट संस्थागत सुशासन कायम गरिनेछ ।
- सहकारी संस्थाहरुलाई स्थानीय स्रोत साधनको उपयोग तथा परिचालनमा केन्द्रित गराई उद्यमशिलता तथा रोजगारी सिर्जनाको माध्यमको रुपमा विकास गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुको तथ्यांक संकलन गरी सीप तथा रोजगारमुलक तालिमका कार्यक्रमहरु संचालनको व्यवस्था गरिनेछ ।
- बेरुजु न्युनिकरणका लागि लेखा व्यवस्थापन तथा ऐन कानुनको परिपालनमा जोड दिनुका साथै कायम भएका बेरुजु फछ्यौंट गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- आन्तरिक लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- स्थानीय तहको मध्यकालिन खर्च संरचना तयार गरिनेछ ।
- जमिन बाझो राख्ने कार्यलाई निरुत्साहन गरिनेछ ।
- कम्तिमा ३ लाख भन्दा माथिका योजना तथा कार्यक्रम बनाई बजेट विनियोजन गर्ने नीति लाई अनिवार्यताका साथ लागु गरिनेछ ।
- अनियन्त्रित तथा अव्यवस्थित मदिरा विक्रिवितरण तथा सेवन गर्ने कार्यलाई मापदण्ड बनाई व्यवस्थित गरिनेछ ।
- युवा लक्षित विभिन्न सिप तथा रोजगारमुलक तालिम तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- खाद्य असुरक्षालाई न्युनिकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## गाउँसभा सदस्य ज्यूहरु,

प्रस्तावित नीति तथा कार्यक्रमको सफलता यसको प्रभावकारी कार्यान्वयमा भर पर्ने हुँदा प्रस्तावित नीति तथा कार्यक्रमहरुको पुर्ण तथा प्रभावकारी कार्यान्वयनमा गाउँपालिकामा क्रियाशिल सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी तथा समस्त गाउँपालिका बासी दाजुभाई तथा दिदी बहिनीहरुको उल्लेखनीय सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा

नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सहयोग गर्नुहुने गाउँपालिका उपाध्यक्ष ज्यू, वडा समितिका अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरु, कार्यपालिकाका सबै सदस्य ज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसै गरी नीति तथा कार्यक्रम तर्जुमाको दौरानमा महत्वपुर्ण सहयोग गर्नुहुने प्रमुख प्रशासकिय अधिकृतज्यू, सुचना प्रविधि अधिकृतज्यू, प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पर्याउनु हुने गाउँपालिकाका कर्मचारी, विषयगत शाखाका कर्मचारी तथा समस्त गाउँपालिका परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

प्रकाश बहादुर रोकाया

गाउँपालिका अध्यक्ष

थलारा गाउँपालिका, खोली बझाङ्ग